महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको नेपाल २०१९

# प्रेश विज्ञप्ती

(आमसञ्चार माध्यममा तत्काल उपयोगको लागि)

२०७४ फागुन १४ गते, सोमबार

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा, दंगालको समुपस्थितिमा नेपाल राष्ट्र बैंकको आर्थिक बर्ष २०७३/७४ को लेखापरीक्षणको प्रतिवेदन उपर छलफल भयो। छलफलमा नेपाल राष्ट्र बैंकका गर्भनर डा. श्री चिरञ्जिवी नेपाल, डेपुटी गर्भनर श्री चिन्तामणि सिवाकोटी, नेपाल राष्ट्र बैंकको लेखापरीक्षण टोली तथा अन्य पदाधिकारीहरुको सहभागिता रहेको थियो।

छलफलका क्रममा माननीय महालेखापरीक्षकज्यूले नेपाल राष्ट्र बैंक मुलुकको महत्वपूर्ण सार्वजनिक संस्था भएकाले यसको आन्तरिक सुशासन र नियमनकारी क्षमताको सुदृढीकरणमा जोड दिनुभयो। त्यसैगरी हाल नियामक निकायको क्षेत्राधिकार बाहिर रहेका नागरिक लगानी कोष, कर्मचारी संचय कोष, सामाजिक सुरक्षा कोष तथा सहकारी संस्थामा रहेका जोखिम र त्यसले भविष्यमा पार्न सक्ने असरका सम्बन्धमा चासो राख्दै त्यस्ता निकायका क्रियाकलापलाई नियमन गर्न उपयुक्त कानूनी व्यवस्थाको खाँचो औंल्याउनु भयो।

कार्यक्रममा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोराहरुका सम्वन्धमा जवाफ दिदैं गर्भनर डा. नेपालले समग्र वित्तीय क्षेत्रको सुधारका लागि प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। सो क्रममा उहाँले बैंकमा रहेको सम्पत्तिको उचित व्यवस्थापन गर्ने, लगानी व्यवस्थापनबाट अधिकतम् आर्थिक लाभ प्राप्त गर्ने, नेपाल वित्तीय प्रतिवेदनमान लागू गरी बैंक तथा वित्तीय संस्थाहरुमा पारदर्शिता र संस्थागत सुशासन कायम गर्ने तथा कागजी मुद्रा छपाईमा देखिएका समस्या लगायतका विषयमा आफ्नो भनाई राख्नु भएको थियो।

उद्धवचन्द्र श्रेष्ठ
नायब-महालेखा परीक्षक/प्रवक्ता